# आ.व. ०७४/०७५ को बजेट, नीति तथा कार्यक्रम सार्वजनिकीकरण समारोहमा प्रमुखद्वारा प्रस्तुत मन्तव्य

वुटवल उप महानगरपालिकाको ऐतिहासिक प्रथम नगर सभावाट पारित निर्णयहरु सार्वजनिकीकरण समारोहका श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, पुर्व नगरप्रमुखज्यू, छिमेकी नगरपालिकाका प्रमुखज्यूहरु, गांउपालिकाका अध्यक्षज्यूहरु, उपप्रमुखज्यू, सबै राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, वुटवल उप महानगरपालिकाका जनप्रतिनिधिज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, स्थानीय विकास अधिकारी ज्यू, कार्यकारी अधिकृतज्यू लगायत विभिन्न कार्यालयका प्रमुखज्यूहरु, व्यावसायिक, वित्तिय, सामाजिक संघ-संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सामाजिक परिचालनका माध्यमवाट गठन भएका टोल विकास संस्था, ज्येष्ठ नागरिक मञ्च, वालक्लव, नागरिक सचेतना केन्द्र लगायत विभिन्न समितिका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, उपभोक्ता समिति तथा सामुदायिक समितिहरुका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु पत्रकार महासंघका अध्यक्ष लगायत सम्पूर्ण सञ्चार कर्मी मित्रहरु, नगर कार्यपालिकाका कर्मचारी मित्रहरु र आमन्त्रित सम्पूर्ण उप महानगरवासी आमा, वुवा, दिदी, वहिनी तथा दाजु भाइहरु ।

ऐतिहासिक प्रथम नगर सभावाट पारित निर्णयहरु सार्वजनिक गर्न उपस्थित भैरहेको सन्दर्भमा देशको स्वतन्त्रता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि विभिन्न कालखण्डमा जीवन उत्सर्ग गरी शहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधिनता र स्वाभिमान, लोकतन्त्र, संघीयता जनजीविका, सुशासन र समृद्धि प्राप्तिका आन्दोलनका अगुवा, घाईते तथा अपांगता भएका व्यक्तित्व, नागरिक समाज, सञ्चार जगत र आम जनसमुदायप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचनमा वुटवल उप महानगरवासीवाट हामीलाई विश्वास गरी अमूल्य मत प्रदान गरी विजयी वनाउनु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै सवै उप महानगरवासीलाई वधाई ज्ञापन गर्दछु । संविधान कार्यान्वयनका क्रममा भएको यस स्थानीय तहको निर्वाचन प्रक्रियावाट जन अनुमोदित भई राष्ट्रिय स्वाधिनता, लोकत्रान्त्रिक गणतन्त्र, सुशासन र दीगो शान्तिसंगै यस उप महानगरको विकास र समृद्धिका लागि वुटवल उपमहानगरपालिकाको सम्मानित ऐतिहासिक प्रथम नगर सभावाट पारित भएको वजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा हामीलाई गौरव महसुस भएको छ ।

वुटवल खस्यौली ग्राम पञ्चायत देखि नगरपालिका हुदैं आजको उपमहानगरपालिका नगर सरकारको अवधारणासम्म ल्याई पुऱ्याउन आआफ्नो स्थानवाट अहम् भूमिका निर्वाह गर्ने यहांका पूर्व जन प्रतिनिधिहरु,राजनैतिक दलका नेतृत्व, समाजसेवी वुद्धिजीविहरु, समुदायमा आधारित संघ संस्थाहरु, उप महानगरपालिकाका कर्मचारीहरु, नेपाल सरकार, संवद्ध निकायहरु, विभिन्न संघ संस्थाहरु लगायत सम्पूर्ण नगरवासी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

शान्तिका अग्रदूत महामानव गौतम वुद्धको जन्मस्थल लुम्विनीको समिपको समथर तराई भागमा,चुरे पहाडको काखमा, अवस्थित वुटवल, विविधतायुक्त भूगोल, हावापानी, भाषा कला, साहित्य, संस्कृति, धार्मिक सहिष्णुता र सभ्यताको संगमस्थलको रुपमा रहेको छ । ऐतिहासिक तिलोत्तमा नदी सभ्यतासंगै विकास भएको वुटवल संघीय संरचनामा ५ नं. प्रदेश अन्तर्गत राजधानी शहरको रुपमा प्रस्तावित रहेको छ ।

“ऐतिहासिक धरोहर,राष्ट्रियताको पहरेदार “पुर्खाको पौरख, वुटवलको गौरव, हाम्रो वुटवल, हामी वुटवल वासी” यो ओजपूर्ण भावनालाई आत्मसाथ गर्दै वुटवलको निरन्तर उन्नति र प्रगतिमा अग्रसर हुन वुटवल उपमहानगरपालिकाबाट कुनै कसर वांकी राखिने छैन ।

मानव सभ्यताको उद्गमस्थल, आदिमानव रामापिथेकसको चरिचरण, कर्णेल उजिरसिंहको नेतृत्वमा वीर नेपाली सेनाले साम्राज्यवादलाई परास्त गरेको पुरातात्विक तथा सामरिक महत्वको विजय भूमि ऐतिहासिक

जीतगढी किल्ला, मणि मुकुन्दसेनको शीतकालीन दरवार, विभिन्न पौराणिक धार्मिक महत्वका स्थलहरुवाट वुटवल उच्च ऐतिहासिक भूमिको रुपमा चीरपरिचित छ । आधुनिक शहरी पूर्वाधार विकासका सन्दर्भमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदर्शनी स्थल वुटवल मण्डप, लुम्विनी वस टर्मिनल, अटो भिलेज सुधार परियोजना, आधुनिक फोहर प्रसोधन केन्द्र, खानेपानी व्यवस्थापन योजना तथा परियोजनाहरुका साथै गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लुम्विनीको वृहत्तर विकास योजना, पिस पार्क, हिलपार्क, मिलन पार्क, मणिमुकुन्दसेन उद्यान लगायतका पार्कहरुको निर्माण, संरक्षण र विकास त्यसै गरी हिलस्टेशनका रुपमा नुवाकोट र वसन्तपुरको विकास, सामुदायिक वन तथा हरियाली प्रवर्द्धन, वेलवास-वेथरी नहर मार्ग, मोतिपुर औद्योगिक कोरिडोर, तिनाउ तथा दानव नदीमा निर्माणाधिन पुलहरुले सवल आर्थिक केन्द्र, समुन्नत वुटवलको संभावनाका द्वारहरु खोलिएका छन् । संभावना र अवसरहरुको उचित उपयोग गर्न सकेमा वुटवलको विकास द्रुततर रुपमा हुनेछ । आइपर्ने चुनौतिको सामना गर्दै अवसरहरुको उपयोग गर्न यहांका निजीक्षेत्रको सक्रिय साझेदारीता, दातृ निकायहरुको सहयोग, नागरिकहरुको समर्थन र सहभागिता तथा आमसंचार जगतको सहजीकरण अति आवश्यक रहेको छ ।

नगरको विकासमा नगरवासीको भूमिका सबैभन्दा महत्वपूर्ण रहने कुरालाई आत्मसाथ गरी सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको सिद्धान्त वमोजिम आ.व. ०७४/७५ को बजेट नीति तथा कार्यक्रम पारित गर्न प्रथम ऐतिहासिक नगर सभा मिति २०७४ श्रावण ३२ गते प्रारम्भ भई २०७४ भाद्र ११ गतेसम्म सम्पन्न ४ वटा बैठकबाट पारित निर्णयहरु सार्वजनिक गर्न लागिएको छ । पहिलो पटक संविधान सभाद्वारा जारी भएको संविधानले दिएको मार्ग दर्शन मौलिकहक र स्थानीय तहको एकल एवं संयुक्त अधिकार कार्यान्वयनका सन्दर्भमा यो बार्षिक नीति तथा कार्यक्रम केन्द्रित रहेको व्यहोरा अनुरोध गर्दछु । विकेन्द्रीकरणको माध्यमवाट नागरिकलाई अधिकाधिक अधिकार प्रदान गर्न, सेवामा गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्दै स्थानीय तहका समस्या र आवश्यकताहरु पहिचान गरी उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालनका लागि सामाजिक परिचालनका माध्यमवाट नगरवासी नागरिकहरुको हक अधिकार र कर्तव्यको महसुस गराउदै योजना तर्जुमा कार्यान्वयन र अनुगमन समेत गर्ने नीतिलाई अङ्गीकार गरीएको छ ।

मानवीय मूल्य र मान्यतालाई आत्मसात गर्दै, सभ्यता र संस्कृतीको प्रवर्द्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा **मानवताको शहर बुटवल उप-महानगर (City with Humanity)** वनाउने लक्ष्यका साथ सम्पन्न भएका "छुवाछुत मुक्त, पूर्ण साक्षरयुक्त, पुर्ण सरसफाई युक्त, पूर्ण खोप युक्त, लैंगिक मैत्री, बाल मैत्री, वातावरण मैत्री, अपांग मैत्री समतामुलक शहर, बुटवल उपमहानगरपालिका" अभियानहरुलाई थप प्रवर्द्धन गर्न तर्जुमा गरिएको यस नीति कार्यक्रम तथा बजेटको प्राथमिकता देहाय बमोजिम रहेको छ ।

- संविधानिक व्यवस्था बमोजिम स्थानीय तहको क्षेत्राधिकारको कार्यान्वयन
- दिर्घकालिन विकासका रणनीतिहरु प्रति लक्षित
- प्रादेशिक राजधानी (केन्द्र) र महानगरीय अवधारणा कार्यान्वयनमा लक्षित
- राजनीतिक दलहरुले निर्वाचनका क्रममा व्यक्त प्रतिवद्धतामा आधारित
- अधुरा र क्रमागत योजनाहरुलाई निरन्तरता, स्थानीय श्रम र श्रोतको अधिकतम प्रयोगलाई प्राथमिकता
- सहभागितात्मक योजना तुर्जुमा प्रक्रियामा आधारित
- सामाजिक परिचालन तथा जनसहभागितामा आधारित
- आर्थिक सामाजिक र मानविय विकास प्रति लक्षित
- बुटवलको पहिचान उचो राख्न प्रतिवद्ध
- सार्वजनिक नीजि साझेदारी प्रबर्द्धनमा जोड
- संस्थागत विकास र सुशासन

**उल्लेखित प्राथमिकताका क्षेत्रलाई आत्मसात गर्दै वजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि देहाय बमोजिमका प्रमुख नीतिहरु अवलम्वन गरिएको छ ।**

१. विकास व्यवस्थापनका दृष्टिले पछाडी परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिएको छ। सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सुचकका

आधारमा वडा स्तरीय श्रोत साधनको बाडफाड गर्ने नीति अवलम्बन गरिनेछ ।

२. दीर्घकालीन दृष्टिकोण सहित नगरको समग्र विकासको खाका तय गरी कार्यान्वयनका लागि वृहत्तर शहरी विकास गुरुयोजना तर्जुमा गर्ने कार्य शुरु गरिएको सन्दर्भमा सोही दृष्टिकोण अनुरुप आगामी दिनमा विकासका क्रियाकलापहरु अगाडि बढाईने छ ।

३. नगरपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फ कर शुल्क दस्तुरका दररेट नवढाई सवै करदातालाई समेटी दायरा वनाउने नीति लिइएको छ ।कर तिर्न प्रोत्साहित गर्न बुटवल उप-महानगरपालिकामा विविध कार्यक्रम सहित प्रत्येक बर्ष कर सप्ताह / कर जागरण  कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरुबाटै कर, शुल्क दस्तुर असुल गर्ने व्यवस्थालाई थप प्रभावकारी वनाइनेछ । राजश्व परिचालनमा वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन तथा जिम्मेवार वनाउने नीति लिईने छ ।

४. अस्थायी प्रकृतिका हाटवजार, ठेला तथा फुटपाथ व्यवसाय, मुख्य वजार भित्रको पार्किङ्ग समेतलाई उचित व्यवस्थापन र शुल्क संकलन गर्न स्थानीय क्लव, टोल विकास संस्थाको सहकार्यमा वडातहबाटै व्यवस्थापन गरिनेछ

५. श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न Computer Software को  प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाई सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

६. उप महानगरपालिकाको स्वामित्व, भोगाधिकार र संरक्षणमा रहेका र संरक्षणमा लिनुपर्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । साथै निजि क्षेत्रको सहभागितालाई प्रबर्द्धन गर्न सार्वजनिक निजी साझेदारी  (PPP) अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा Negotiation पद्धतिलाई समेत अवलम्बन गरिनेछ ।

७. तिन खम्बे अर्थ नीति बमोजिम स्थानीय तहमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकासमा सहकारी सँगको साझेदारी सहकार्यमा जोड दिइनेछ ।

८. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धी गराउने र कालोबजारी  नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने नीति लिइनेछ ।

९. बुटवल उप महानगरपालिकालाई पर्यटक हवका रुपमा बिकास गर्न ऐतिहासिक, पुरातात्विक स्थलको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने, नुवाकोट र बसन्तपुर लाई निजीक्षेत्रका लगानीकर्ता मार्फत केवलकार सहितको हिल स्टेशनको रुपमा विकास गर्ने, रामापिथेकसपार्क, हिलपार्क, मणिमुकुन्दसेन पार्क, ग्लोवल पिस पार्क, मिलनपार्क लगायतका क्षेत्रमा थप पूर्वाधार विकास गर्ने, नरैनापुर, हिलपार्क, नुवाकोट र बसन्तपुरमा आधुनिक रिभल्विङ भ्युटावर निर्माण समेत गरी आन्तरिक र बाह्य पर्यटन प्रबर्द्धन गर्ने नीति लिइनेछ ।

१०. नगरका ढुवानी तथा कवाड व्यवसायलाई सम्बन्धित व्यवसायीहरुसंगको सहकार्यमा नगरको उपयुक्त स्थानमा व्यवस्थित गरिनेछ ।

११. नगरवासीको ठेगाना प्रणालीलाई व्यवस्थित गरी सर्व सुलभ गराउन जि.आई.एस.मा आधारित मेटिक घर नम्वर ठेगाना  प्रणालीलाई यसै बर्ष सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ  ।

१२. जैविक अजैविक फोहरलाई उत्पादन तहदेखि नै वर्गिकरण गरी छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ । सडक, नाली, सार्वजनिक  र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ । फोहरमैला व्यवस्थापनमा नसमेटिएका वडाहरुमा साझेदारीमा आधारित फोहरमैला व्यवस्थापन कार्य अघि बढाइने छ ।

१३. वातावरणमैत्री शहर, बुटवल उपमहानगर बनाउन पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण सम्बन्धी कार्यलाई जोड दिइनेछ । औद्योगिक, हस्पिटलजन्य र रासायनिक फोहरको व्यवस्था सम्वन्धित पक्षले नै गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१४. वातावरणमैत्री स्थानीय शासन EFLG अवधारणाका सूचकहरुलाई कार्यान्वयन गर्दै नगरलाई वातावरण मैत्री सहर बनाउने नीति लिईनेछ । प्लाष्टिक झोला प्रयोगमा प्रतिवन्ध र पुर्न प्रयोग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

१५. बुटवल उप महानगरलाई **ग्रिन एण्ड क्लिन सिटि**को रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदी तथा सडक किनारमा वृक्षारोपण गर्ने र  १ घर: २ विरुवाको अभियानलाई टोल विकास संस्थाहरुको जिम्मेवारीमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१६. जीव अस्तित्व र मानव सभ्यतासंग जोडिएको जलसम्पदा संरक्षण गरी नदी, नाला खोला खोल्सीहरुको प्रवाहलाई खुल्ला रहन दिई जल स्वच्छता कायम गरिनेछ ।

१७. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन उप महानगरपालिकाले  लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी  सामाजिक परिक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण र वडाक्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ ।

१८. श्रमिक महिलाहरुको आवश्यकता, शिशुको स्याहार पाउने हकलाई ख्याल गर्दै वुटवल उप महानगरक्षेत्रभित्र कम्तीमा २५ सिट क्षमताको शिशु स्याहार केन्द्र संचालन गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गर्न सहयोग गरिनेछ ।

१९. सडक वाल वालिकाहरुको पुनर्स्थापना र समुदाय सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । आश्रय आवश्यक पर्ने पीडित वालवालिकाहरुको लागि सुरक्षित आवासको व्यवस्था मिलाइनेछ । निकृष्ट प्रकारको वालश्रमलाई निषेध गरिनेछ । आगामी १ वर्षभित्रै सडक वालवालिकामुक्त वुटवल वनाइनेछ । उप महानगरपालिकालाई वालमैत्री नगर घोषणाको अवस्थामा पुर्याउन कार्यविधिले तोके वमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२०. परिवारबाट विछोड भएका बेसहारा सडक मै जिवन विताउने मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको उद्दार गरी परिवार सँगको पुर्नमिलन गर्ने कार्यको थालनी गरिनेछ ।

२१. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिइनेछ । ज्येष्ठ नागरिकहरुको विविध अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ । ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय वनाउन “ज्येष्ठ नागरिक : एक वडा, एक मिलन केन्द्र” संचालन गरिनेछ ।

२२. ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ। ८५ वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरुको घरमै स्वास्थ्य परिक्षण (४/४ महिनामा) गर्ने व्यवस्था मिलाइनेछ ।

२३. सबै नगरवासीहरु स्वस्थ्य रहने वातावरण सिर्जना गर्न शहरी स्वास्थ्य क्लिनिक मार्फत सम्पुर्ण नगरवासीहरुलाई निशुल्क रुपमा ब्लड प्रेशर र सुगर परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२४. राष्ट्र र समाजका लागि अमूल्य योगदान दिने व्यक्ति व्यक्तित्वको सम्मानमा स्थापना गरिएका विभिन्न खेलकूद कार्यक्रम तथा अन्य क्रियाकलाप सञ्चालनमा सहयोग गरिनेछ । युवा वर्गलाई खेलकूदको माध्यमवाट स्वस्थ जीवनशैली सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

२५. वुटवललाई शैक्षिक हवका रुपमा विकास गर्न वुटवलमा प्रादेशिक विश्वविद्यालय स्थापना गर्न पहल गरिनेछ । संस्थागत र सामुदायिक विद्यालयको विचमा शैक्षिक आदान प्रदान कार्यक्रम संचालन गरिनेछन् । सामुदायिक विद्यालयको पूर्वाधार निर्माणमा सहयोग र शैक्षिक गुणस्तर कायम गर्न शैक्षिक अन्तर्क्रिया, विपन्न विद्यार्थी छात्रवृत्ति कार्यक्रम, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन र विशेषज्ञ सहितको शैक्षिक गुणस्तर अनुगमन संयन्त्र गठन गरिनेछ

२६. उप महानगरक्षेत्रभित्र क्रियाशील गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति वनाईनेछ । गैसस समन्वय समिति र डेक्स (NGO Desk) स्थापना गरिने छ ।

२७. नीजि स्वास्थ्य सस्थाहरु, शैक्षिक संस्थाहरु लगायत अन्य संघ संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संचालित संघ संस्थाहरु बन्द गराइनेछ ।

२८. धार्मिक ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्र, सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धनमा समुदायको अपनत्व कायम गर्दै मठ मन्दिर गुम्वा, डिउहार, मस्जिद, चर्चको संरक्षण र संवर्द्धन गरिनेछ ।

२९. स्थानीय समुदाय विशेषका संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनका लागि फरक र विशेष पहिचानयुक्त सांस्कृतिक ग्राम र होम स्टे को स्थापना, संचालन र प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।

३०. भाषा साहित्य, कला र संस्कृतिको विकास, उन्नयन र प्रवर्द्धन गर्न संवन्धित सरोकारवालासंग समन्वय र सहकार्य गरिनेछ । कला साहित्यको विकासको लागि नाट्यघर संचालनमा सहकार्य गरिनेछ । स्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना गरिनेछ ।

३१. लैगिकमैत्री शहर वुटवल उप महानगरको अभियानलाई सार्थक तुल्याउन लैगिक हिंसामुक्त समाज निर्माण गर्न कार्ययोजना वनाई कार्यक्रम कार्यान्वयन गरिनेछ । सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवाद अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ । हिंसा पीडित महिलाहरुको सुरक्षाका लागि सुरक्षित आवास संचालन व्यवस्थापनमा संघ संस्थासँगको सहकार्यलाई निरन्तरता दिई थप व्यवस्थित वनाइनेछ । सुरक्षित आवासको निरन्तर व्यवस्थापनको लागि स्थायी पूर्वाधारको निर्माणमा पहल गरिनेछ ।

३२. उप महानगर क्षेत्रभित्र रहेका अल्पसंख्यक, थारु, मधेशी, मुस्लीम, पिछडावर्ग जातजातिका भाषा संस्कृतिको जगेर्ना गर्दै सामाजिक मूल प्रवाहिकरण, सशक्तिकरण र उत्थानका लागि समिति गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. विद्युतिय घर नक्सा पास प्रणाली (EBPS) लागु गरी नक्सा पास प्रकृयालाई सरलीकृत गरिनेछ । बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको जग्गा नापी कार्य सम्पन्न गरी डिजिटल नापी नक्सा तयार पारीनेछ । नक्सा पास तथा पूर्वाधार योजना कार्यान्वयनका लागि उक्त प्रविधी प्रयोगमा ल्याउने नीति लिईनेछ ।

३४. वुटवल उपमहानगरपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध नगरवासीहरुलाई हात हातमा उपलव्ध गराउने र नगरवासीहरुको सुझाव सल्लाह ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न शुरुवात गरिएको मोवाइल एप्सलाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

३५. नगरवासीहरुको राय सुझाव ग्रहण गर्न, गुनासो सुन्न र जवाफदेहिता वहन गर्नकालागि उपमहानगरपालिकासंग नगरवासीको सोझो सम्पर्कको लागि टोल फ्रि नम्वरको व्यवस्था मिलाइनेछ । सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाइनेछ । साथै नगर कार्यपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ । सेवाग्राहीको सहयोग र कार्यालयवाट प्रवाह गरिने सेवालाई व्यवस्थित वनाउन जनप्रतिनिधि रहेको Help Desk स्थापना गरिनेछ ।

उपस्थित महानुभावहरु,

उल्लेखित नीति तथा कार्यक्रमको अधिनमा रही विनियोजित बजेट अन्तरगत देहाय बमोजिमका केही महत्वपूर्ण योजना तथा कार्यक्रममा बजेट व्यवस्थापन गरी तत्काल कार्यान्वयन प्रक्रिया अगाडि बढाई समुन्नत शहर बनाउने तर्फ समग्र नगरको ध्यान केन्द्रित रहेको व्यहोरा अनुरोध गर्दछु ।

मुलतः यस बर्षलाई **अध्ययन, योजना निर्माण तथा संस्थागत विकास बर्ष र पूर्वाधार विकासको दृष्टिले खाल्टा खुल्टी मुक्त ग्राभेलिङ्ग युक्त नगर** बर्षको रुपमा उच्च प्राथमिकता दिई कार्यक्रमहरु त्यस तर्फ केन्द्रिकृत गरिएको छ।

१. "हाम्रो सडक, हाम्रो सहभागिता - स्तरीय सडक हाम्रो प्रतिबद्धता" अभियान सञ्चालन गरि उपमहानगरवासीहरुलाई सुविधाको अनुभुत गराउन कच्ची सडकहरुलाइ कल्भर्ट, ह्युमपाईप सहित यसै बर्ष भित्र ग्राभेल सडकमा स्तरोन्नती गर्नका लागि रु ५ करोड विनियोजन गरिएको छ साथै पिच सडकहरुको मर्मत गरी "खाल्टा मुक्त सडक" बनाउन रु.२ करोड विनियोजन गरिएको छ ।
२. वन वातावरण, शहरी सौन्दर्य, पार्क हरियालीका लागि रु.१ करोड ९० लाख विनियोजन गरिएको छ ।
३. दिर्घकालिन शहरी विकास गुरुयोजना निर्माण, ट्रलीबस, मोनोरेल, स्याटेलाइट सिटीको अध्ययन समेतका लागी रु.१ करोड ५० लाख विनियोजन गरिएको छ ।
४. सुरक्षित आवास, जग्गा विकास र व्यवस्थित बसोवास तथा सार्वजनिक जग्गा संरक्षण, लगत संकलन र अभिलेखिकरण तथा जग्गा नापजाँच गर्ने कार्यका लागि रु.१ करोड विनियोजन गरिएको छ ।
५. ऐतिहासिक धरोहर-राष्ट्रियताको पहरेदार, बुटवल जीतगढी किल्लामा उच्च विशाल राष्ट्रिय झण्डा तथा कर्णेल उजीर सिंहको पूर्णकदको शालिक स्थापना एवं हिलपार्कमा विशाल बुद्धमूर्ति स्थापनाका र पुरानो बटौलिको मौलिक पहिचान स्थापित गर्न गुरु योजना निर्माणसमेतका लागि रु.१ करोड २५ लाख विनियोजन गरिएको छ ।
६. उद्योग बजार, रोजगारी प्रवर्द्धन स्वरोजगारीता र सिप विकास प्रवर्द्धन, अनौपचारीक श्रमिकहरुको लगत संकलन, अभिलेखीकरण, रोजगार डेक्स तथा उद्योग शाखा स्थापना, गरिब तथा विपन्न वर्गका युवाहरुलाई बुटवल टेक्निकल ईन्स्टिच्यूट तथा कोइका जस्ता प्राविधिक शिक्षालयबाट तालिम दिने तथा आम उपभोक्ताको हित प्रवर्द्धनका लागि खाद्य तथा पेय पदार्थ गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ सो कार्यका लागि लागि रु. २ करोड ७१ लाख विनियोजन गरिएको छ।
७. सामुदायिक विद्यालयको गुणस्तर तथा पूर्वाधार विकास, आधारभुत शिक्षा, पूर्व प्राथमिक शिक्षा, संस्थागत विद्यालयहरुको गुणस्तर तथा समग्र माध्यमिक शिक्षा सम्बन्धी योजना तथा गुणस्तर र पूर्वाधारका लागि शैक्षीक विकास कोष समेत खडा गर्न रु.२ करोड ५० लाख विनियोजन गरिएको छ।
८. कृषि तथा पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन व्यवसायिक कृषि तथा पशुपंक्षी पालकलाइ सहज र सरल रुपमा पूँजी व्यवस्थापनका लागि वित्तिय क्षेत्रसँग समन्वय गरी व्याजमा २ प्रतिशत अनुदान सहुलियत र पशु बिमामा ९० प्रतिशत अनुदान व्यवस्थाका लागि रु.८८ लाख विनियोजन गरिएको छ।
९. उज्यालो शहर कार्यक्रम अन्तरगत समुदायमा आधारित सडकबत्ती व्यवस्थापन तथा बैकल्पिक उर्जा, सौर्य सडक बत्तीका लागि रु. १ करोड ८५ लाख विनियोजन गरिएको छ।
१०. लुम्बिनी अञ्चल अस्पतालमा वेवारिसे विरामी कुरुवा व्यवस्थापन, शहरी स्वास्थ्य क्लिनिकहरुको व्यवस्थापन, सामुदायिक मुटु अस्पताल सेवा प्रवर्द्धन, सेमलार र मोतिपुर हेल्थ पोष्ट स्तरोन्नती, योग तथा जीवनशैली व्यवस्थापन, मोतिपुर सेमलारमा प्याथोलोजी ल्याव सेवा सञ्चालन, अञ्चल आयुर्वेदिक अस्पतालमा ल्याव सेवा सञ्चालन, दन्त परीक्षण, पाठेघर परिक्षण तथा सैनामैना चारपाला प्राकृतिक चिकित्सा केन्द्र, समेतका कार्यक्रमका बजेटमा समेटिएको छ।
११. भाषा, कला, साहित्य, संस्कृति मानव समाजको जीवन्तता भएको हुदा यस क्षेत्रको विकास, संरक्षण, सम्बर्द्धनका लागि नगरस्तरिय भाषा कला साहित्य संस्कृति प्रतिष्ठान गठन सञ्चालनका लागि गरी रु.१० लाख र साधक, स्रष्टा, सर्जकहरुको उपचार सहायता तथा सम्मान कोषका लागि रु.१५ लाख बजेट व्यवस्था गरिएको छ ।
१२. बुटवल सञ्चारमा मोफसलको राजधानीको रुपमा परिचित छ । यसको गरिमालाई अझ बढी उचो बनाउन, आर्थिक सामाजिक र पूर्वाधार समेतका समग्र विकास अभियानलाई अझ बढी योगदान दिन प्रोत्साहित गर्ने उद्देश्यले सञ्चारकर्मी/सञ्चार माध्यमको क्षमता विकास तथा स्वास्थ्य उपचार सहायता कोषको लागि रु. १५ लाख र उपमहानगरपालिकाले स्थापना गरेको उत्कृष्ट पत्रकारिता पुरस्कार कोषलाई वृद्धि गरी रु.५ लाख पुऱ्याउने गरी बजेट व्यवस्था गरिएको छ ।

१३. युवा समाज निर्माणका आधार हुन । स्वस्थ्य शरिर स्वस्थ्य चिन्तनले मात्र समग्र अभियान र हाम्रा उद्देश्य हासिल हुन सक्छन। विकृति र विसंगती हटाउन, सभ्यता र सु संस्कार बढाउन, युवा पिडीलाई कुलतबाट जोगाउन, दुर्व्यसनमा फसेकाहरुलाई पुनस्थापना गराउन, खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। मुख्य रुपमा जवई रंगशाला निर्माण, तामनगरमा खेल मैदान विकास, सेमलारमा कर्भड हल निर्माण, नहरपुर, मानवज्ञान र सिद्धेश्वर खेल मैदान विकास, तिलोत्तमा गोल्डकप सञ्चालन, एन्फा एकेडमी सञ्चालन र चलि आएका खेल प्रतियोगिता सञ्चालन गर्ने गरी रु.२ करोड १० लाख व्यवस्था गरिएको छ ।

१४. एकल महिला, पुर्ण अपाङ्गता भएका व्यक्ती र ७० बर्ष नाघेका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप बार्षिक २ हजारका दरले चाडपर्व खर्च उपलब्ध गराउने, महिला स्वयंसेविकालाई प्रोत्साहित गर्न कोष रकम रु.१० लाख पुऱ्याउने, स्वंयेवीकाहरुलाई सञ्चार तथा यातायात खर्च मासिक रु.४ सय उपलब्ध गराउने, लैङ्गिक हिंसा मुक्त नगर अभियान सञ्चालन गर्न, सेफहाउस सञ्चालन, जेष्ठ नागरिक स्वास्थ्य परिक्षण, सुस्तमनस्थिती, सडक वालबालिका पुनस्थापना, सडक मानव उद्दार, मनोसामाजिक परामर्श कार्यक्रम, दलित, अल्पसंख्यक अपाङ्गता तेश्रो लिङ्गि भएका व्यक्ती, आदीवासी जनजातीहरुको हित प्रवर्द्धन गर्ने कार्यक्रम बजेटमा समावेश छन।

उपस्थित महानुभावहरु,

प्रस्तुत वजेट नीति तथा कार्यक्रम निर्माणका क्रममा टोल वस्ती तह, वडातह, विषयगत समितिहरु, योजना तर्जुमा समिति, राजश्व परामर्श समिति, सामाजिक व्यवसायिक संघसंस्था तथा विज्ञ समूहको राय सुझाव, नगर कार्यपालिकाको सिफारिश र नगर सभा बैठकमा दफावार छलफल गरी नगर सभाबाट स्वीकृति भएको व्यहोरा अनुरोध गर्दछु।

विकासलाई दिगो, सामाजिक न्यायमा आधारित बनाउने र दिर्घकालिन योजनामा आधारित, योजनाबद्ध विकास कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा एउटा स्पष्ट मार्ग दर्शन गर्न नगर योजना आयोगको अवधारणा अगाडि ल्याएको छ। नगर योजना आयोगको गठन पश्चात संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरुको दोहोरोपना हटाउन, आपसी सहयोग र समन्वय समेतमा महत्वपूर्ण योगदान प्राप्त हुने साथै योजना बैक (Project Bank) बनाई दातृ संस्थाहरु सँग सहकार्य गर्ने कार्यमा समेत सहयोग हुने अपेक्षा गरिएको छ ।

बुटवललाई कस्तो बनाउने भन्ने बारेमा स्थानीय समुदायको चाहाना परिकल्पनालाई मूर्तरुप दिनु हाम्रो प्राथमिक दायित्व हो । स्थानीय तह संरचनाको पहिलो र विश्वकै हिसावले एकदमै नौलो अभ्यासमा हामी छौ । यो अभ्यासमा हामी सफल हुदा नेपालको संघीयता र स्थानीय सरकारको अवधारणा विश्वकै लागि सिकाईको केन्द्र बन्ने छ ।

ऐतिहासिक नगरसभाको बैठकबाट आर्थिक ऐन, विनियोजन ऐन, लगायतका महत्वपूर्ण दस्तावेजहरु पारित गरिएको छ । यस ऐतिहासिक नगर सभा सार्वभौम जनताका प्रतिनिधिहरुद्वारा सार्वभौम अधिकार प्रयोग गरी पूर्णत संसदीय विधि र प्रक्रियाको अवलम्बन गरी सञ्चालन गरिएको अभ्यासले संसदीय मुल्य मान्यता र लोकतन्त्रलाई संस्थागत गर्न बल मिलेको अनुभुति भएको छ ।

अतिथि महानुभावहरु

ऐतिहासिक नगर सभाबाट पारित बजेट कार्यक्रम कार्यान्वयनका लागि विभिन्न नीतिगत व्यवस्था गरिएको छ। नगर सभाबाट पारित समग्र योजना कार्यक्रमहरु कार्यान्वयनका लागि बिषय क्षेत्रसँग सम्बन्धित छुट्टा छुट्टै नीतिहरु समेत पारित गरिएका छन्। यसका साथै राष्ट्रिय गौरव तथा दिर्घकालिन महत्वका योजनाहरुको गुणस्तर कायम गराउन, समयमै कार्य सम्पन्न गराउन, आवश्यकता अनुसार सहजीकरण तथा स्थानीय तहबाट निगरानी गर्न प्रमुखको संयोजकत्वमा संयन्त्रको गठन, उद्योगी र श्रमिकहरु बिच सौहार्दता बढाउने, समस्या समाधान गरी औद्योगिक वातावरण श्रृजना गर्न एक संयन्त्र गठन गर्ने निर्णय गरिएको छ।

प्रदेश नं. ५ को केन्द्र बुटवल घोषणा गर्न आवश्यक सहयोग र आवश्यकता अनुसार केन्द्रमा अनुरोध गर्ने, बुटवल उपमहानगरपालिकालाई महानगरपालिकामा स्तरोन्तीका लागी आवश्यक प्रक्रिया अगाडि बढाउने, यस प्रदेशमा स्थापना हुने विश्वविद्यालयको केन्द्रिय क्याम्पसको रुपमा बुटवल बहुमुखी क्याम्पस, लुम्बिनी वाणिज्य क्याम्पस, सिद्धार्थ गौतम बुद्ध क्याम्पसलाई विकास गर्ने, बुटवल टेक्निकल इन्सिच्युटलाई इन्जीनियरीङ्ग क्याम्पसको रुपमा बढाउने जस्ता केही दिर्घकालिन महत्व राख्ने निर्णय र सो का लागि आवश्यक पूर्वाधार तयार गर्ने निर्णयहरु समेत गरेको व्यहोरा अनुरोध छ।

आदरणीय नगरबासी दाजुभाइ तथा दिदि बहिनीहरु

चालु आ.व. का लागि गत नगरपरिषदबाटै सहभागिता मुलक योजना तर्जुमा प्रक्रिया पुरा गरी बजेट नीति तथा कार्यक्रम पारित भई सार्वजनिक भैसकेको अवस्थामा एउटा प्रक्रियाबाट अनुमोदित भइसकेको कार्यक्रमलाइ फेरबदल गर्ने गरी बजेट कार्यक्रम बनाउनु सान्दर्भिक देखिएन। अतः विगत नगरपरिषदबाट पारित कार्यक्रमलाई सामान्य परिमार्जन गर्ने र थप श्रोत परिचालन गर्ने गरी थप कार्यक्रमहरु समावेश गर्ने प्रयास गरिएको छ। अब म चालु आर्थिक बर्ष ०७४/०७५को निम्ति विनियोजन ऐनद्वारा पारित नगर संचित कोषबाट व्यभार हुने मुख्य मुख्य खर्चका शीर्षकहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

नगर संचित कोषवाट व्ययभार हुने गरी चालु खर्च तर्फ रु २९ करोड ६१ लाख ५६ हजार (१८ प्रतिशत) र पूजिगत खर्च तर्फ रु. १ अरब १६ करोड ६४ हजार ८ सय ५ (८२ प्रतिशत) गरी जम्मा रु. १ अरव ४५ करोड ६२ लाख २० हजार ८ सय ५ र विषयगत कार्यालय तर्फको रु. १७ करोड ७३ लाख ५८ हजार गरी कुल जम्मा रु.१ अरब ६३ करोड ३५ लाख ७८ हजार ८ सय ५ को वजेट स्वीकृत गरी विनियोजन गरिएको व्यहोरा अनुरोध गर्दछु।

उल्लेखित बजेट मध्ये उपभोग खर्च तर्फ रु. १२ करोड ३ लाख, सेवा खर्च तर्फ ३ करोड ६३ लाख, क्षमता विकास कार्यक्रम तर्फ ६० लाख, सामाजिक सुरक्षा भत्ता कार्यक्रम तर्फ १३ करोड ३५ लाख, क्रमागत योजना/केन्द्रीय योजना तथा सम्पुरक कोषहरु तर्फ ३४ करोड १० लाख, नगर स्तरीय योजना तथा कार्यक्रम तर्फ ३७ करोड ७१ लाख, प्रबर्द्धनात्मक कार्यक्रम तर्फ ३ करोड २५ लाख, सामाजिक विकास कार्यक्रम तर्फ २ करोड ८५ लाख, वडा स्तरीय योजना तथा कार्यक्रम तर्फ ८ करोड ८ लाख, मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना तर्फ ३० करोड, बिषयगत कार्यालयहरुको कार्यक्रमहरु तर्फ १७ करोड ७३ लाख विनियोजन गरिएको छ।

साथै उल्लेखित खर्च व्यहोर्नको निम्ति नगर सभाबाट स्वीकृत आर्थिक ऐन बमोजिम स्थानीय कर आम्दानी तर्फ रु.१० करोड ७५ लाख, सेवा शूल्कबाट रु.४ करोड ६७ लाख, सेवा प्रवाह दस्तूर बाट रु.३ करोड ७२ लाख, बिक्रि आयबाट रु.७ लाख, श्रोत परिचालन बाट रु.१६ लाख, सावां व्याज लाभांश तथा वोनश बाट रु.२३ लाख, अन्य आयबाट रु.४ करोड ११ लाख, साथै नेपाल सरकारबाट अनूदान स्वरुप प्राप्त रु.७२ करोड ५३ लाख, जि.स.स./निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम बाट रु.४ करोड ५८ लाख, अन्य अनूदान तथा ऋण बाट रु.२ करोड ८५ लाख, उपभोक्ता सहभागिताबाट रु.७ करोड २५ लाख, मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजनाबाट रु.३० करोड गत बर्षको मौज्दात अल्याबाट रु.३ करोड १० लाख र विभिन्न निकाय तथा दातृ संस्थाबाट अपेक्षित रु.१९ करोड ३० लाख, **गरी कुल जम्मा रु.१ अर्ब ६३ करोड ३५ लाख ५७ हजार ८ सय ५ आय हुने अनुमान गरिएको छ ।**

उल्लेखित आय लक्ष्य प्राप्तिका लागि गत नगरपरिषदबाट निर्णय गरीएका कर, शुल्क, दस्तुरका दरबन्दीलाई यथावत राखी दायरा फराकिलो बनाउने र राजश्व प्रशासन लाई प्रविधिमैत्री बनाउनुका साथै वडा तहमै राजश्व संकलन गर्ने गरी प्रस्ताव गरिएको छ भने अपेक्षित बाह्य श्रोत परिचालनका लागि दातृ संस्था, प्रदेश सरकार तथा संघीय सरकारको साथ सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

**आदरणीय प्रमुख अतिथि, उपस्थित महानुभावहरुः**

अब म समग्र नगरको चालु आ.व.को बार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । आर्थिक एवं विनियोजन ऐन द्वारा नगर संचित कोषमा व्ययभार हुने रकम रु. १ अरब ६३ करोड ३५ लाख ५८ हजार ८ सय ५, बिषयगत कार्यालयहरुले यस नगरमा कार्यान्वयन गर्ने रकम रु. १ अरब ५६ करोड १ लाख ९२ हजार ८ सय ३० गरी जम्मा रु. ३ अरब १९ करोड ३७ लाख ७१ हजार ६ सय ३५ को नगर बजेट प्रस्तुत गरेको छु ।

**आदरणीय जनसमुदायहरु,**

जनप्रतिनिधि वहाल भए लगत्तै तयार भएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले असिमित जनचाहना र अपेक्षालाई उपलव्ध साधन स्रोतको सीमाले सम्बोधन गर्न अवश्य सकिएको छैन । विकास एक निरन्तर प्रक्रिया पनि हो त्यसैले क्रमशःस्थानीय आवश्यकता, जन चाहना र अपेक्षालाई सम्वोधन गर्दै लगिनेछ । वजेट नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास पर्याप्त हुदैन । यसको सफल कार्यान्वयनको लागि नेपाल सरकार, दातृनिकाय, यस क्षेत्रका अग्रज जनप्रतिनिधिज्यूहरु, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, प्रवुद्ध वर्ग र आम नगरवासी दाजुभाइ तथा दिदी वहिनीहरुको सामुहिक प्रयास, साथ सहयोग र सहकार्य सदा झै प्राप्त हुनेछ र बुटवलले परिकल्पना गरेको **"सवल आर्थिक केन्द्र समुन्नत बुटवल"** ले साकार रुप लिने कार्यमा एउटा अर्को ईटा थपिने छ ।

अन्तमा प्रस्तुत वजेट नीति तथा कार्यक्रमले सवल आर्थिक केन्द्र, समुन्नत वुटवलको परिकल्पनालाई सार्थक बनाउन, प्रस्ताव गरिएका पुर्वाधार निर्माण, आर्थिक, सामाजिक अभियानहरु सफल सञ्चालनबाट उपलब्धि हासिल गरी **मानवताको शहर, वुटवल उपमहानगर (City with Humanity)** को अवस्थामा पुऱ्याउने प्रयास सार्थक पार्नेछ ।

यस वजेट नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सरकारी तथा गैरसरकारी कार्यालय, व्यावसायिक एवं वित्तिय संघ संस्थाहरु, आम संचार जगत,सचेत र जागरुक नगरवासी महानुभावहरु सवैको सहयोगको अपेक्षा गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउने सहकर्मी निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल ,विषयगत समिति, योजना तर्जुमा समिति, राजश्व परामर्श समिति, नागरिक सचेतना केन्द्रहरु, टोल विकास संस्थाहरु,जेष्ठ नागरिक मञ्च, वाल संजाल लगायत नगरमा क्रियाशील व्यावसायिक तथा सामुदायिक/सामाजिक संघ संस्थाहरु, संचारकर्मी मित्रहरु, सम्पूर्ण नगरवासीहरु र उप-महानगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

शिवराज सुवेदी

प्रमुख